# बसबरिया गाउँपालिकाको दोश्रो गाउँसभा, दोश्रो अधिबेशनमा

## गाउँपालिका अध्यक्ष श्री राम सिंहासन राय द्वारा

## प्रस्तुत

## आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

**बसबरिया गाउँपालिका**
**भवानीपुर, सर्लाही**
**मधेश प्रदेश**
**स्थापना-२०७४**

**गाउँसभामा पेश भएको मितिः २०७९/०३/१० गते**
**गाउँसभा बाट पारित मितिः ................................**

आदरणीय सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूमा हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धि चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, भुमिहिनहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**<u>विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक आदि)</u>**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्वआपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरूः

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यासहुनु ।

३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४। गाउँपालिकाका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५। सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६। सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

७। घरहरूको निर्माणमा भवन संहिता पालना हुने क्रम बढनु तथा नक्सा पास गर्न नागरिकको आकर्षण बढ्नु ।

### विद्यमान चुनौतीहरूः

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

१। रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२। बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

३। गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

४। युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५। ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७। निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८। सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विनागरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९। बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१०। सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

११. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ ( ढुंगाबालुवा ,गिट्टी) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

१२. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागिता मूलक प्रक्रियाबाट यस गाउँको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने छ। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो भने जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण**

चालु आ.व.को लागि यस सम्मानित सभाले कुल विनियोजित रु ३८ करोड २६ लाख १७ हजार ३२२ रुपैया मध्ये चालु तर्फ रु २० करोड ८६ लाख ६३ हजार ६१८ रुपैया (सशर्त अनुदान समेत) र पुजिगत तर्फ १७ करोड ३९ लाख ५३ हजार ७०४ रुपैया विनियोजन भएको थियो । उक्त विनियोजित रकम मध्ये हाल सम्मको अवस्थामा

चालु तर्फ रु. १४ करोड ४९ लाख ४२ हजार ४२१ रुपैया र पुजिगत तर्फ रु ८ करोड ४६ लाख ६२ हजार १८ रुपैया खर्च भएको छ तथा यसको आधारमा यस बर्षको अन्त्य सम्म कुल बजेटको ९५% सम्म खर्च हुन सक्ने अनुमान गरिएको छ ।

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म १४९८० मि सडक कालोपत्रे, ८८२५ मि. ढलान सडक, १५०२५ मि ग्राभेल सडक, १२२५ मि. नाला निर्माण लगायत वडा नं. १ देखि ६ सम्म धर्मशाला मठ, मन्दिर, प्रतिक्षालय, स्वास्थ्य चौकी, बिद्यालय, वडा कार्यालय भवन लगायत पोखरी सौनादर्यकरण निर्माण भएको छ। गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएकोछ।

**सिंचाइः**

गाउँपालिकाका सबै वडामा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ। भने बिभिन्न कुलो तथा नहरहरुको नियमित सरसफाई भएको छ ।नेपाल बिद्युत प्राधिकरण र गाउँ पालिकाको लागत साझेदारीमा गाउँपालिका मातहतका सम्पूर्ण वडा हरुमा सिचाईका लागि बिधुतिकरण गरि कृषि मिटर खरिद तथा जडानको लागि आबश्यक प्रक्रिया अगाढी बढाइएको छ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह,,) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा रहेको ३ वटा बर्थिंग सेन्टर सुचारु भएको छ तथा महिला स्वास्थ्य परिक्षण, आखा जाँच शिबिर, परिवार नियोजन शिबिर, पाठेघर जाँच जस्ता कार्यक्रमहरु संचालन भएका छन । धुवा मुक्त गाउँपालिकाको लागि २७१५ थान ग्यास चुल्हा सेट खरिद भई निशुल्क रुपमा वितरण कार्य भईरहेको छ। यस कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ।विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद कार्यक्रमहरु संचालन भएका छन।आयुर्वेदिक औषधालयबाट नियमित निशुल्क औषधि वितरण तथा योग शिबिर संचालन भएका छन। साथै जेष्ठ नागरिकलाई निशुल्क शकिबर्धक औषधि तथा स्तनपान महिलालाई दुधबर्धक औषधि वितरणको साथै स्नेहन सोधन(सेकाई) सेवा प्रदान भएको छ । सामजिक सुरक्षा भत्ता नियमित रुपमा बैंक मार्फत भुक्तानी हुने गरेको छ साथै सबै वडामा अनलाइन मार्फत ब्यतिगत घटना दर्ता सुरु भएकोछ ।अपांगता भएका ब्यक्तिहरुलाई जाच गर्नको लागि निशुल्क जाच शिबिर संचालन तथा अपांगता कार्ड वितरण हुदै गरेको छ ।बिभिन्न मठ मन्दिरमा कम्पाउन वाल, मुर्ति स्थापना तथा सौन्दर्यकारण भएको छ ।वडा नं. ४ मा वडा कार्यालय निर्माण भएको छ । बिद्यालयमा चालु आ.व.मा २२ कोठा भवन निर्माण सम्पन्न तथा निर्माणाधिन प्रक्रियामा छ । बलाबिकास कक्षा ब्यबस्थापन तथा बालविकास र बिद्यालय कर्मचारीलाई पालिकाबाट थप प्रति महिना ७ हजार तलब भत्ता दिदै आइरहेको छ । सुरक्षित नागरिक आवास योजना अन्तर्गत ६३ घरधुरीलाई घर बनाउन आबश्यक रकम दिइएको छ ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म गाउँपालिकामा १०,००० मि कृषि/कच्चीसडक निर्माण भएको छ ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको पहिचान गरि DPR तयार भएको छ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन क्षेत्रमा भएका उपलब्धी**

यस गाउँपालिकाको वडा नं. १ देखि ६ सम्मको सम्पूर्ण बाटो तथा मेन चौकमा सडक बत्ति जडान तथा मर्मत गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले ४३ वटा ऐन,नियमावली,कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेश सरकार संगको सहकार्य मा राजस्व सुधार कार्ययोजना, क्षमता विकास योजना र लैगिक समानता तथा समाजिक समावेशीकरण (लै.स.स.स.) रणनीति निर्माण भएको छ ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभासदस्य महोदय,

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

यिनै नीतिको सम्बोधन एवं कार्यक्रमको कार्यान्वयन हुने गरी संघीय सरकारबाट विनियोजित वित्तीय समानीकरण तर्फ ८ करोड ९८ लाख, राजश्व बाँडफाँड तर्फ ७ करोड १९ लाख ७८ हजार, सशर्त अनुदान तर्फ १० करोड ७६ लाख, समपुरक तर्फ ६५ लाख, बिशेष अनुदान १ करोड, प्रदेश सरकार बाट वित्तीय समानीकरण तर्फ ६२ लाख ४२ हजार, बिशेष अनुदान ३० लाख, समपुरक अनुदान २० लाख, प्रदेश राजश्व बाडफाड बाट रु. १० लाख अनुमानित, बरहथवा मालपोतबाट बाडफाड रु २० लाख अनुमानित, आन्तरिक श्रोत बाट रु. २४ लाख अनुमानित र आ.व. २०७९/८० को आल्या रु ५० लाख अनुमानित आम्दानी हुने गरि जम्मा रु ३० करोड ७५ लाख २० हजारको परिधि भित्र रही आ.व. २०८०/८१ को आय व्यय बिबरण तर्जुमा गरिनेछ ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

४. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

७. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

८. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

९. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

१०. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

११. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१२. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१३. विद्यार्थीलाई विश्वबजारमा प्रतिस्प्रर्धि गर्न अग्रेजी भाषा आवश्यकता पर्ने भएकाले नमुनाका रुपमा केही विद्यालयको छनौट गरि अग्रेजी भाषा पठन पाठन गर्न विशेष शैक्षिक योजना लागु गरिने छ। साथै सबै विद्यालयमा यो योजना क्रमश लागु गरिने छ ।

१४. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१५. माध्यमिक विद्यालयको कार्यालयमा अडियो/भिडियो सहितको सिसि क्यामेरा राखिने छ, जस्को अनुगमन र सुपरिवेक्षण सिधै गाउँपालिकाबाट गरिने छ ।

१६. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण

लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

**ख. संस्कृति सम्बन्धी  नीति तथा कार्यक्रम**

१. गाउँपालिकाको पहिचान र मौलिकता झल्किने लोगो निर्माण गरिनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सव मेलाहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित प्रदर्शन गर्ने नीति लिइनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी  नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. उपाध्यक्ष सँग महिला बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिक कार्यक्रम सञ्चालन गरिने छ।

४. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

५. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

६. अपाङ्गता भएका व्यक्तिहरुको लागि पालिका बाट गरिने सम्पूर्ण सिफारिस निशुल्क गरिनेछ। साथै सिबिर संचालन गरिनेछ।

७. ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि बनाई वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
८. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक तथा महिला हिंसा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
९. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
१०. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
११. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

**ङ. स्वास्थ्य सम्बन्धी**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र १५ सैयाको अस्पताल बनाउन आबश्यक पहल गरिनेछ ।
२. आयुर्बेद अस्पताललाई जग्गा उपलब्ध गराई आफ्नै भवन निर्माणको प्रक्रिया यसै बर्ष अगाढी बदाइनेछ । आयुर्वेदिक सेवालाई थप प्रभाबकारी र बिस्तारको लागि थप बजेटको ब्यबस्था गरिनेछ ।
३. स्वास्थ्य जिबनशैली यापनको लागि सबै वडामा योग शिबिर संचालन गरिनेछ । एक घर पाच योग र पाच जडिबुटी अभियान कार्यक्रम संचालन गरिनेछ ।
४. किसानहरुलाई जडिबुटीको महत्व र खेति सम्वन्धि तालिम दिई जडीबुटी उत्पादन तथा बजारको ब्यबस्थापन गरिनेछ ।
५. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।
६. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा आबश्यक उपकरणहरु प्रदान गरिनेछ ।
७. स्वास्थ्य सम्वन्धि आबश्यक तालिम तथा शिबिरहरु समयसमयमा संचालन गरिनेछ ।
८. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा आबश्यक भौतिक पूर्वाधारहरु मर्मत तथा निर्माण गरिने छ ।
९. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
१०. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।
११. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई गाउँपालिका भित्रका अस्पताल ल्याउन लैजान निशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ साथै आवश्यक कार्यविधि बनाइनेछ।
१२. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
१३. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

## २. आर्थिक विकास

### क. उद्योग तथा पर्यटन

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

४. गाउँपालिका र वाहिर अन्य गाउँपालिका/नगरपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा नयाँ पर्यटकीय स्थल निर्माण गरिनेछ।

५. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

६. मुख्य स्थान चोक र गाउँपालिका प्रवेश द्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न सूचना वोर्ड राखिनेछ।

### ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. समयमा मल, बीउ र किटनाशक औषधीको पर्याप्त व्यवस्था गर्न हरेक वडामा कृषि सहकारी खोलिने तथा भएका कृषि सहकारीलाई व्यवस्थित गरिनेछ ।

२. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४. गाउँपालिका भित्रका कृषकहरुको विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

५. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरणको पूर्वाधार निर्माण गरिनेछ।

६. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

### ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

४. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
५. प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना तथा न्यायिक उपसमिति गठन गरी त्यहाँबाट विवाद निरुपन गरिनेछ ।
६. न्यायिक समितिलाई विवाद निरुपनको निम्ति इजलास कक्ष तथा भौतिक व्यवस्थापन गरिनेछ ।
७. न्यायिक समितिबाट भएका निर्णय तथा आदेशहरुको व्यवस्थित रुपमा अभिलेख राखिनेछ ।
८. न्यायिक समितिबाट सम्पादन गर्ने विवाद समाधानलाई मितव्ययी, पारदर्शी तथा विश्वासनीय बनाइनेछ ।
९. नैतिक शिक्षालाई प्रबद्र्धन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विभिन्न पम्लेट, पर्चा तथा पोस्टर सामग्रीहरु उत्पादन तथा वितरण गरिनेछ ।
१०. सामाजिक विभेद, बहिस्कार र अन्याय गर्नेलाई निरुत्साहित तथा

## ५. सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,

११. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।
१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।
२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

३. प्रत्येक त्रैमासिकको आय/व्ययको मास्केवारी गाउँपालिकाको वेवसाइटमा प्रकाशित गरिनेछ ।
४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
७. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन वडापत्र, सूचनाहरु गाउँपालिकाको वेब साइटमा नियमित रुपमा उपलोड़ गरिनेछ ।
८. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा प्रोत्साहन भत्ता, भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।
९. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडा कार्यालय, स्कुल तथा स्वास्थ्य चौकीहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।
१०. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन गरिनेछ।
११. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
१२. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
१३. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
१४. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
१५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
१६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

**६. वन, वातावारण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**क. खानेपानी तथा सरसफाई**

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

२. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

३. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

६. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

७. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. नदिजन्य प्राकृतिक श्रोतको उत्खननले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. भूउपयोग क्षेत्र निर्धारण तथा बर्गिकरण गरि कित्ता काटको लागि सिफारिस गरिनेछ ।

६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

७. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

८. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार)सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन लागत साझेदारी तथा संधीय र प्रदेश सरकार संग योजना माग गर्ने नीति लिइनेछ।

३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

४. सडक निर्माण/पुनःनिर्माण गर्दा मापदण्डको पूर्ण परिपालना गर्दै ढल निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

७. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एबम स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८. गाउँपालिकाक्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

९. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१०. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

११. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१२. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१३. "एक वडा-एक पार्क" निर्माण नीतिलाई प्राथमिक्ता दिइनेछ।

१४. गाउँपालिकामा एक बसपार्क निर्माण गर्न सम्वन्धित निकाय संग माग गरिनेछ।

१५. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागत द्वारहरुको निर्माण गरिनेछ।
१६. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक गरिनेछ ।
१७. प्राबिधिकहरुलाई भौतिक संरचनाहरुको नाप जाँचमा सहयोग हुनेगरि सिभिल ल्याबको ब्यबस्था गरिनेछ ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. सबै किसिमका कर तथा राजश्व संकलनको लागि डिजीटल कर प्रणाली लागु गरिनेछ साथै अफलाइन बाट हुने सम्पूर्ण कारोबार पूर्ण रुपमा बन्द गरिने छ ।
२. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
३. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।
५. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
६. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

**श्रद्धेय सदस्य महोदय,**

हाम्रा आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनबाट समग्र बसबरिया बासीको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चूनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकता पूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सदस्य ज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा गरेको छु । वजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने सदस्य ज्यूहरु लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२०८० अषाढ १० गते

**राम सिंहासन राय**
**गाउँपालिका अध्यक्ष**

**धन्यवाद**